**विषय : सूचना ।**

मिति:-२०७२।५।१७

इलाम नगरपालिकाको मिति २०७२।५।१७ मा सम्पन्न आ.ब. ०७१।०७२ को वार्षिक प्रगति समीक्षा गोष्ठीमा आ.ब. ०७१।०७२ को वार्षिक प्रगति विवरण पारित भई सो गोष्ठीबाट निम्न सुझावसहित निर्णय भएको हुनाले सर्व साधारणमा जानकारीको लागि अनुरोध छ ।

**निम्न :–**

- योजना सञ्चालन तथा अनुगमन प्रक्रियालाई अझ पारदर्शी बनाउँदै स्थानीय विकास प्रक्रियामा जनताहरूसँगको सहकार्यलाई अझ सवल बनाउनु पर्ने ।
- धराप अवस्थामा रहेका विद्युत पोल परिवर्तनका लागि नेपाल विद्युत प्राधिकरणसँगको सहकार्य अझ बढाउनु पर्ने र सडकबत्ती व्यवस्थापन टोल विकास संस्थाहरूमार्फत व्यवस्थापन गर्नु पर्ने ।
- भवन संहिता, नक्सापास मापदण्ड र सडकको क्षेत्राधिकारलाई अझ व्यवस्थापन गरी अनुगमन कार्यलाई अझ प्रभावकारी बनाउनु पर्ने, बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्वन्धी आधारभूत मार्गदर्शन २०७२ लाई प्रभावकारी ढङ्गले कार्यान्वयनमा लैजान चेतनामूलक तथा नक्सापास कक्षा कार्यक्रम गर्नु पर्ने ।
- खानेपानी समस्याको यथोचित व्यवस्थापन तथा समस्या समाधानका लागि इलामबजार तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई अझ सक्रिय गराउनु पर्ने, मर्मतसुधार गर्नु पर्ने अवस्थामा रहेका खानेपानी ट्याङ्की, पाइप लाइनको समयमै सुधार गर्नु पर्ने ।
- सेवानिवृत्त कर्मचारीलाई समयमै उपदानको रकम भुक्तानीका लागि कर्मचारी कल्याण कोषमा आवश्यक बजेट व्यवस्थापन गर्नु पर्ने ।
- इलाम नगरपालिकाको कर्मचारी व्यवस्थापनलाई अझ व्यवस्थित गर्नका लागि संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदनलाई कार्यान्वियन पक्षमा लैजानु पर्ने ।
- नगरको आन्तरिक राजश्व अभिबृद्धिमा ध्यान दिनु पर्ने र करदाता शिक्षा कार्यक्रमलाई अझ प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नु पर्ने ।
- नेपाल भारत मैत्री शीत भण्डारलाई सञ्चालनमा ल्याउने कार्यलाई प्राथमिकतामा राख्नु पर्ने र नगर स्वास्थ्य केन्द्र भवनको निर्माण कार्य चाडै सम्पन्न गर्नु पर्ने ।
- हरितनगर योजना कार्यान्वयनका लागि थप विशेष बजेटको व्यवस्थाका लागि मन्त्रालय तथा दातृ निकायमा अनुरोध गर्नु पर्ने ।
- नगर क्षेत्रमा समस्याका रुपमा देखा पर्दै गएको भलबाढी तथा ढल व्यवस्थापन कार्य र सडक कालोपत्रे गर्ने कार्यलाई योजनाबद्ध ढङ्गले अगाडि बढाउनु पर्ने र योजना अनुगमनको कार्यलाई थप प्रभावकारी बनाउनु पर्ने ।
- फाल्गुनन्द सुकिलुम्वा विमानस्थलको भलबाढीलाई व्यवस्थित गर्नका लागि सम्बन्धित निकायमा तत्काले पहल अगाडि बढाउनु पर्ने ।